# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड :६ संख्या : २२ पुस २८ गते, बिहिबार, २०७९

## भाग-१

# रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७९

**नगरसभाबाट स्वीकृत मिति : २०७९/०९/२७**

प्रस्तावना

नगरपालिका क्षेत्र भित्रको भुमिगत वा भू-सतहमा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र नियमन गर्दै खानेपानी मुहान विवादमा शुन्य सहनशिलताको नीति अनुसार कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रेसुङ्गा नगरसभाले "रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७९" जारी गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भै रेसुङ्गा नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा: (क) "जलश्रोत" भन्नाले नगरपालिकाभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ख) “अनुमतिपत्र प्राप्त व्यक्ति” भन्नाले जलश्रोतको उपयोग गर्न नगरपालिकाबाट दफा ८ र ९ वमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ ।

(ग) “उपभोक्ता संस्था” भन्नाले दफा ४ बमोजिम गठित संस्था सम्झनु पर्दछ ।

(घ) “उपभोक्ता” भन्नाले जलश्रोत उपयोग गर्ने ब्यक्ति वा समूह सम्झनुपर्छ ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) “सेवा शुल्क” भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलश्रोतसम्बन्धी सेवा उपयोग गरेवापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ ।

(छ) “नगरपालिका” भन्नाले रेसुङ्गा नगरपालिकालाई सम्झनुपर्दछ ।

## परिच्छेद २

### जलश्रोतको उपयोग सम्बन्धी व्यवस्था

३. **जलश्रोतको उपयोग** : (१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले जलश्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त ओसारपसार गरी खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए वमोजिम उपयोग गर्न,

४. **जल उपभोक्ता संस्थाको गठन** : (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने नगरबासीले तोकिए वमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई रेसुङ्गा नगरपालिकामा तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

५. **<u>जलश्रोत उपयोगको प्राथमिकता क्रम</u>** : (१) नगरपालिका क्षेत्र भित्रको जलश्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

ख) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(ग) सिंचाई,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोद जन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ बमोजिम गठित समितिले दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम वमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

६. **<u>नगरपालिकाले जलश्रोतको उपयोग वा विकास गर्न सक्ने</u>** : (१) रेसुङ्गा नगरपालिका आफैले कुनै जलश्रोतको उपयोग वा विकास गर्नमा यस ऐनले कुनै वाधा पुर्याएको मानिने छैन ।

(२) कसैले यस ऐन वमोजिम उपयोग गरेको जलश्रोत र सोसँग सम्बन्धीत जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक हित र उपयोगका लागि रेसुङ्गा नगरपालिकाले आफ्नो मातहतमा लिई प्रत्यक्ष रुपमा सञ्चालन, ब्यवस्थापन तथा विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलश्रोतको उपयोगिता सम्बन्धीत जग्गा, भवन, उपकरण, वा संरचना वापत कुनै ब्यक्ति वा निजि फर्म, कम्पनीको लगानी वा स्वामित्व भएमा नगरपालिकाले सम्वन्धितलाई तोकिए वमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) रेसुङ्गा नगरपालिकाले आफ्नो क्षेत्रभित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलश्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

७. **जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने** : (१) रेसुङ्गा नगरपालिकाले दफा ६ को उपदफा (१) र (२) बमोजिम विकास गरेको कुनै जलश्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

८. **जलश्रोतको उपयोगको लागि करार गर्न सक्ने** : यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि रेसुङ्गा नगरपालिकाले कुनै संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानुनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरू वमोजिम कुनै जलश्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

९. **दर्ता, प्रमाणपत्र र विधान संशोधन** (१) जलस्रोत संस्था/समिति दर्ता, उपलब्ध गराईने प्रमाणपत्र र विधान संशोधन देहाय बमोजिम हुनेछ।

(क) दफा ४ बमोजिम पर्न आएको दरखास्त उपर रेसुङ्गा जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र दिनुपर्नेछ ।

(ख) उपदफा (१) को (क) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा रेसुङ्गा जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(ग) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरू यसै कार्यविधि बमोजिम दर्ता भएका मानिनेछन् ।

(घ) विधान संशोधनः उपभोक्ता संस्था आफ्नो विधान संशोधन गर्नु पर्ने भएमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा रेसुङ्गा जलश्रोत समितिमा पेश गर्नुपर्नेछ र रेसुङ्गा जलश्रोत समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

१०. **जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेः** (१) जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाई रेसुङ्गा जलश्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा अनुसूची ८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण आनुमति पत्र दस्तुर वापत बुझाउन पर्नेछ ।

११. **दरखास्त उपर जाँचबुझः** (१) दफा (१०) बमोजिम दरखास्त परेपछि ऐन बमोजिम दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा रेसुङ्गा जलश्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न रेसुङ्गा जलश्रोत समितिले सम्वन्धित दरखास्तवालालाई मनासिब माफिकको म्याद तोकी दरखास्त परेको मितिले पन्ध्र दिन भित्र सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न रेसुङ्गा जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै दरखास्त परेको मिति मानिनेछ ।

**१२. सर्वेक्षण अनुमतिपत्र दिनेः** दफा १० बमोजिम परेको दरखास्त उपर दफा ११ बमोजिम रेसुङ्गा जलश्रोत समितिले आवश्यक जाँचबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ५ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

**१४. सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्नेः** दफा १२ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र प्रतिवेदन रेसुङ्गा जलश्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१५. दोहोरो सर्वेक्षण अनुपतिपत्र नदिइनेः** दफा १२ बमोजिम दिइएको सर्वेक्षण अनुमतिपत्रमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठीत संस्थालाई दोहोरो पर्ने गरी अनुमतिपत्र दिइने छैन ।

**१६. जलश्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिने** : (१) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ६ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाई रेसुङ्गा जलश्रोत समिति समक्ष तीनप्रति दरखास्त फारम दिनुपर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरणः (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्ता संस्थाका सञ्चालकहरूको नाम, थर र वतन समेत) स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(ख) सम्भाव्यताको विश्लेषणः(परियोजनाको विस्ततृ नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभात्ताहरूको विवरण)

(ग) वित्तीय व्यवस्थाः (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरूको प्रतिवद्धता र लगानीकर्ताहरूको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्तीः (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थाई तवरबाट उपयोग वा प्राप्ती लागि चाहिने सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरूको लगत) ।

(ङ) वातावरणीय प्रभाव विश्लेषणः (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरू तथा जलश्रोतमा रहने जलचर एवम् जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरू, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था) समेत स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(च) अन्य आवश्यक कुराहरू ।

**१७. दरखास्त उपर जाँचबुझः** (१) दफा १६ बमोजिम दरखास्त प्राप्त भएपछि ऐन बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा रेसुङ्गा जलश्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि ऐन बमोजिम दरखास्तसाथ पेश गर्न रेसुङ्गा जलश्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले १५ दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

**१८.** (१) सार्वजनिक सूचना प्रकाशित भएपछि जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि रेसुङ्गा जलश्रोत समितिले दफा १७ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरू खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि जलश्रोतको उपयोगसँग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू खुलाई सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित रेसुङ्गा जलश्रोत समिति समक्ष जो सुकैले पनि निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी रेसुङ्गा जलश्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरू अनुपतिपत्र दिँदा तोकी दिनेछ ।

**१९. अनुमतिपत्र दिनेः दफा** १६ बमोजिमको दरखास्त उपर दफा १७ र १८ बमोजिमको प्रकृया पूरा गरी गराई रेसुङ्गा जलश्रोत समितिले दरखास्तवालालाई अनुसूची ७ बमोजिम जलश्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

## परिच्छेद -४

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२०. **अनुमति पत्रको व्यवस्थाः** (१) जलश्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति, समूह वा गठित संस्थाले रेसुङ्गा नगरपालिका कार्यालयसमक्ष अनुसूचीमा उल्लेख भएबमोजिमका ढाँचामा सम्बन्धीत उपभोक्ता संस्थाको बिधानसहित निवेदन दिई तोकिएको प्रकृया पूरा गरी अनुमति लिनुपर्नेछ ।तर घरेलु उद्योग, औधोगिक व्यवसाय तथा खानीजन्य उपयोगको हकमा नेपाल सरकारको कुनै निकायबाट दर्ता भई व्यवसाय गर्नको लागि अनुमति प्राप्त संस्थाले उक्त निकायमा पेश गरेको नियमावली, प्रवन्धपत्र लगायतका कागजातहरु पेश गर्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त उपभोक्ता संस्था वा व्यक्तिले जलश्रोत उपयोग गरे वापत रेसुङ्गा नगरपालिकालाई तोकिए वमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(३) अनुमति पत्र प्राप्त उपभोक्ता संस्था वा व्यक्तिले आफ्नो अनुमतिपत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा रेसुङ्गा नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) अनुमतिपत्रको लागि आवश्यक कागजात कार्यविधिमा ब्यवस्था भए बमोजिम हुनेछ ।

२१. **जलविद्युतको लागि जलश्रोतको उपयोग** : दफा ६ मा जुनसुकै कुरा लेखिएका भएता पनि जलविद्युत उत्पादन गर्नको लागि जलश्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन वमोजिम हुनेछ ।

२२. **अनुमतिपत्र नवीकरण गर्ने** : (१) यो ऐन वमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यमा नवीकरण गर्नुपर्नेछ ।

(२) यसअघि कानुन बमोजिम दर्ता भएका जल उपभोक्ता संस्थालाई यसै ऐन अनुसार भएको मानी नवीकरण गरिनेछ । नवीकरण प्रक्रिया तोकिएको कार्यविधि अनुसार हुनेछ ।

(३) उपदफा (२) अनुसार दर्ता भएका जल उपभोक्ता संस्था नगरपालिकामा अधिकार हस्तान्तरण हुनु अघिसम्म नियमित नवीकरण भएको छ भने नियमित सरह मानी नवीकरण

दस्तुर लिई नवीकरण हुनेछ । तर सम्बन्धित निकायमा दर्ता भै आवश्यक प्रक्रिया पुरा नगरेका जल उपभोक्ता संस्थाको हकमा कार्यविधिले तोके अनुसार वा नयाँ प्रक्रिया अनुसार दर्ता गर्नुपर्नेछ ।

२३. **अनुमतिपत्र खारेज गर्न सकिने** : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कार्य गरेमा दफा १३ वमोजिम गठित समितिको निर्णय अनुसार तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र आवश्यक सुधार नगरेमा अनुमति पत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नुअघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद-४

## स्थानीय जलश्रोत समिति सम्बन्धी व्यवस्था

२४. **स्थानीय जलश्रोत समितिको गठन** : (१)रेसुङ्गा नगरपालिकाभित्र रहेको जलश्रोत उपयोगको आवश्यक अध्ययन अनुसन्धान एवं जलश्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिए वमोजिम नगरेमा अनुमतिपत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलश्रोत समिति रहनेछ ।

(२) स्थानिय जलश्रोत समितिमा देहायका पदाधिकारी रहने छन् ।

(क) नगरपालिका प्रमुख ..................................अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत ......................... सदस्य

(ग) जलस्रोत दर्ता गर्ने सम्बन्धीत वडाको वडाध्यक्ष..................सदस्य

(घ) नगरपालिकाको सम्बन्धित विषयगत समितिको संयोजक .... सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख.............................सदस्य

(च) प्रतिनिधि, वन कार्यालय.................................सदस्य

(छ) अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना...........सदस्य

(ज) पूर्वाधार विकास शाखाको प्रमुख ......... सदस्य

(झ) सम्बन्धित विषयगत शाखा प्रमुख .......... सदस्य सचिब

(३) स्थानीय जलश्रोत समितिको वैठक सम्बन्धी व्यवस्था समिति आफैंले निर्धारण गरे वमोजिम हुनेछ ।

२५. **स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकार** : स्थानीय जलश्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) जलश्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने ।

(ख) जलश्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी रेसुङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।

(ग) जलश्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलश्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(घ) खण्ड (ग) वमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त वमोजिम जलश्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति वा संस्था उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद- ५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२६. **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालन नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पन्ध्र हजार रूपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजवाट बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान बाँध लहर या जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी

नोक्सानी पुर्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानीनोक्सानीको बिगो असुल गरी निजलाई बिगो अमोजिम जरिवाना हुन सक्नेछ ।

२७. **<u>अनुसन्धानको लागि लेखी पठाउन सक्ने</u>** : नगरपालिकाले दफा १५ बमोजिमको कसूर गरेको जानकारी हुन आएमा अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२८. **<u>मुद्दा सम्बन्धी व्यवस्था</u>** : संघीय कानुन बमोजिमको सजाय हुने कसुर सम्बन्धी कार्यमा संघीय कानून लागू हुनेछ ।

२९. **<u>पुनरावेदन सम्बन्धी व्यवस्था</u>** : यस ऐन वमोजिम जलश्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारीले गरेको निर्णय वा जलश्रोत समितिबाट कार्वाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र नगरपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद- ६

## <u>विविध</u>

३०. **<u>सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने</u>** : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा जल उपभोक्ता संस्थाले आफूले विकास गरेको जलश्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

(२)रेसुङ्गा नगरपालिकाले विकास गरेको जलश्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्ति वा संस्थाले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत मासिक वा वार्षिक रुपमा शुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

**३१. सेवा रोक्न सक्नेः सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ ।**

३२. **<u>अरुको घर जग्गामा प्रवेश गर्न सक्ने</u>** : रेसुङ्गा नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा रेसुङ्गा नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा रेसुङ्गा नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले तोकिए वमोजिम क्षतिपूर्ति दिनेछ ।

३३. **<u>जलश्रोत संरचनाको सुरक्षा</u>** : जलश्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा रेसुङ्गा नगरपालिकाले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखी पठाउन सक्नेछ ।

३४. <u>जलश्रोतलाई प्रदुषित गर्न नहुने</u> : रेसुङ्गा नगरपालिका क्षेत्र भित्रको जलश्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायन वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई प्रदुषित गर्न हुँदैन । यदि त्यसो गरेको पाइएमा दण्ड र सजाय सम्बन्धी अन्य व्यवस्था दफा २६ बमोजिम हुनेछ।

३५. <u>वातावरण उल्लेखनीय प्रतिकुल असर पार्न नहुने</u> : रेसुङ्गा नगरपालिका भित्रको जलश्रोतको उपयोग गर्दा भू-क्षय, वाढी, पहीरो वा यस्तै अरु कारणद्वारा वातावणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

३६. <u>बाधा अड्काउ फुकाउ</u> : यस ऐनको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अडकाउ परेमा सो बाधा अड्काउ फुकाउने कार्य रेसुङ्गा नगर कार्यपालिकाले गर्ने छ ।

३७. <u>सूचना प्रकाशन गर्नुपर्नेः</u> खानेपानीको मुहान दर्ता गर्ने सम्वन्धमा निवेदकले निवेदन पेश गरेको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्वन्धमा सर्वसाधारण (सम्बन्धीत वडाको जो कोही) बाट कुनै वाधा व्यवधान भएमा प्रमाण सहित यस कार्यालयमा उजुर गर्न १५ दिनको म्याद दिई रेसुङ्गा नगरपालिकाले सूचना प्रकाशन गर्नुपर्नेछ।

३८. **अनुमतिपत्र दस्तुर :** यो ऐन बमोजिम को जलश्रोतको उपयोग समबन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची ८ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

३९. **अनुमतिपत्र नविकरण गर्ने :** (१) यो ऐन बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिकको लागि अनुमतिपत्रको नवीकरण गर्नुपर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनूसूची-८ मा तोकिएको दस्तुरको पचास प्रतिशत नविकरण दस्तुर लाग्नेछ ।

४०. <u>परिमार्जन तथा संशोधन</u> : यस ऐनलाई आवश्यकता अनुसार नगरसभाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

# अनुसूची - १

## ऐनको दफा २६ सँग सम्वन्धित

## खानेपानीको मुहान दर्ता सम्वन्धी

# सूचना । सूचना ।। सूचना ।।।

रेसुङ्गा नगरपालिका वडा नं. ........स्थित ......................... मा .........................खानेपानीको मुहान दर्ता गरि पाउँ भनी................................................खानेपानी उपभोक्ता संस्था/समितिका प्रमुख/अध्यक्ष/सचिवले यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुँदा उल्लेखित खानेपानीको मुहान दर्ता गर्ने सम्वन्धमा निवेदन पेश गर्नु भएको व्यहोरा झुटा भएमा वा मुहान दर्ताको सम्वन्धमा कुनै वाधा व्यवधान भएमा सूचना प्रकाशित भएपछि समय फरक नपर्ने गरि प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा उजुर गर्न यो सूचना प्रकाशित गरिएको छ ।

जलश्रोत समिति
रेसुङ्गा नगरपालिका

## अनुसूची - २

**(दफा ४ सँग सम्बन्धित)**

श्रीमान अध्यक्ष ज्यू,

रेसुङ्गा जलश्रोत समिति,

**विषयः उपभोक्ता संस्था / समिति दर्ता गरी पाउँ ।**

महोदय,

हामीले .............................. .................... ........................... उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकाले रेसुङ्गा नगरपालिकाको जलस्रोत ऐन, २०७९ को दफा ९ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायका विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधानसहित दरखास्त दिएका छौं ।

**विवरण**

१. उपभोक्ता संस्थाको नाम :

२. कार्य क्षेत्र :

३. उद्देश्यहरूः

(क) (ख) (ग)

४. सदस्यहरूको नाम, ठेगाना, पेशा :

(क) (ख) (ग)

५. उपयोग गरिने जश्रोतको विवरण :

(क) जलश्रोतका नाम र रहेको ठाउँ :

(ख) जलश्रोतबाट गरिने प्रयोग :

(ग) उपभाक्तो सस्थाले उपयोग गर्न चाहको जलस्रोतको परिमाण :

(घ) उक्त जलश्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण :

(क) सेवाको किसिम :

(ख) सेवा पुऱ्याउने क्षेत्र :

(ग) सेवाबाट लाभान्वित हुनु उपभोक्ता हरूको संख्या :

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक श्रोतको विवरण :

८. कार्यालयको ठेगाना :

निवेदक

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको सही :

नाम :

पद :

ठेगाना :

**अनुसूचि - ३**

(दफा ९ सँग सम्बन्धित)

**जल उपभोक्ता संस्थाको प्रमाणपत्रको नमूना**

**"समुन्नत रेसुङ्गा हाम्रो सान,उत्कृष्ट नगर सबैको पहिचान"**

रेसुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

## <u>प्रमाण-पत्र</u>

**दर्ता नं.** **मितिः**

**श्री ..........................ज्यू,**

........................................................................................................................ .... रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७९ बमोजिम श्री........................................................लाई रेसुङ्गा नगरपालिका वडा नं.................मा रहेको पानीको मुहान/श्रोत प्रयोग गरि ................................................................ आयोजना सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय जलश्रोत समितिको मिति.............साल.............महिना.............गतेको निर्णयानुसार स्वीकृत विधान र कार्ययोजना बमोजिम कार्य गर्ने अनुमति सहित यो प्रमाणपत्र प्रदान गरिएको छ ।

..................................

**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची - ४

(दफा १० सँग सम्बन्धित)

## जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त

मितिः.................

श्री अध्यक्ष ज्यू ,

रेसुङ्गा जलश्रोत समिति।

रेसुङ्गा नगरपालिका

जलश्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७९ को दफा १६ बमोजिम देहायका विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्र

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु....................

(पुष्ट्याइँ विवरण संलग्न गर्नुपर्नेछ)

५. सवेक्षण गर्ने अवधिः

६. अन्य विरणहरू

(रेसुङ्गा जलश्रोत ऐन, २०७९ को दफा १६ बमोजिम) माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट

दरखास्त दिनेको नाम र थरः

दस्तखतः

पदः

ठेगानाः

## अनुसूची - ५

## (दफा १२ सँग सम्बन्धित)

## जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र

संख्या

मितिः ...........................

श्री ................................

.......................................

महाशय,

तपाईंलाई जलश्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली रेसुङ्गा नगरपालिकाको जलश्रोत कार्यविधि, २०७९ को दफा १२ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. जलश्रोत सर्वेक्षणको उद्देश्यः

३. जलश्रोत सर्वेक्षणको क्षेत्र :

४.सर्वेक्षण गर्ने अवधि :

अनुमतिपत्र बहाल रहने अवधि अनुमतिपत्र दिने अधिकारीको

सही :

नाम :

पद :

## अनुसूची - ६

## (दफा १६ सँग सम्बन्धित)

## जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिने फारमको ढाँचा

मिति ....................

श्री अध्यक्ष ज्यू,

रेसुङ्गा जलश्रोत समिति,

जलश्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन रेसुङ्गा नगरपालिकाको जलस्रोत जलश्रोत ऐन, २०७९ को दफा १६ बमोजिम देहायका विवरणहरू समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको ना र ठेगानाः

२. उद्देश्यः

३. उपयोग गर्न खोजेको जलश्रोतको परिमाण र पयोग गर्ने प्रयोजनः

४. प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाउँ :

५. जलश्रोतको वउपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः

६. प्रस्तवित उपयोगबाट हुन सक्ने सम्भावित लाभ :

७. प्रस्तावित सेवाबाट लाभान्वित हने उपोक्ताहरूको संख्या :

८. जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोत :

९. जलश्रोत उपयोग गर्ने तरिका :

१०. जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :

११. अन्य विवरणहरू माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट

दरखास्त दिने व्यक्तिको

नाम, थरः

सही :

पद :

ठेगाना :

## अनुसूची - ७

## (दफा १९ सँग सम्बन्धित)

## जलश्रोतको उपयोगको अनुमतिपत्र

अनुमति पत्र संख्या मितिः

श्री ......................................, ...........................................

महाशय,

तपाईंले अनुमतिपत्र पाउन मिति......................मा दिनुभएको दरखास्त बमोजिम देहायका विवरणहरू खुलाई रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७९ को दफा १९ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. जलश्रोत उपयोगसँग सम्बन्धित परियोजनाको नाम र किसिम (प्रत्येक उपयोगसँग सम्बन्धित) : ३. जलश्रोतको नाम र रहेको स्थान :

किसिम :

रहेको स्थान :

४. जलश्रोतको उपयोग भएको परिमाण :

५. जलश्रोत उपयोगबाट उपलब्ध गराइएको सेवा र त्यसको विस्तार क्षेत्र :

६. उपभोक्त संख्या र त्यसको किसिम :

७. सेवा उपलब्ध गराउन शूरु गरेो मिति :

८. अनुमतिपत्र बहाल रहने अवधी :

९. अन्य शर्तहरू :

अनुमति पत्र दिने अधिकारीको नाम :

सही :

पदः

## अनुसूची - ८

### (दफा ३८ सँग सम्बन्धित)

**अनुमति पत्र दस्तुर**

**जलश्रोत उपयोगको किसिम र दर्ता/नविकरण दस्तुर**

| | |
|---|---|
| (क) खानेपानी र घरेलु उपयोग | रु. १५००/१००० |
| (ख) सिँचाई | रु. २०००/१५०० |
| (ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग | रु. ३०००/२००० |
| (घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु. १५०००/१०००० |

## अनुसूचि - ९

## जल उपभोक्ता संस्थाको विधान नमूना

### ..... जल उपभोक्ता संस्थाको विधान

### ................................... उपभोक्ता संस्था/समितिको विधान २०.....

**प्रस्तावनाः**

रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७९ अनुसार रेसुङ्गा नगरपालिकाभर वा वडा नं.... ..., बासीका खानेपानी तथा सरसफाई/सिंचाई ब्यवस्थापन तथा उपभोग गर्न, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मूल्याङ्कन, सञ्चालन र मर्मत संभार समेत स्थानीय स्तरमा नै गर्ने सेवामूलक स्वायत्त उपभोक्ता समितिको स्थापना गर्न वाञ्छनीय देखिएकोले यो विधान तर्जुमा गरी अविच्छिन्न उत्तराधिकार वाला संस्थाको स्थापना गर्न ........................जल उपभोक्ता समितिको विधान निर्माण गरी जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** यस विधानको नाम .......................... जल उपभोक्ता संस्था २०..... रहने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) **"ऐन"** भन्नाले रेसुङ्गा नगरपालिकाको जलस्रोत ऐन, २०७६ लाई जनाउँछ ।

(ख) **"समूह"** भन्नाले यस उपभोक्ता समिति अन्तर्गत कार्यान्वयन भएका खानेपानी र सरसफाई सुविधाबाट लाभान्वित हुने सम्पूर्ण उपभोक्ताहरुको समूहलाई जनाउँछ ।

(ग) **"नियम"** भन्नाले यस विधान अन्तरगतको कार्यसमितिले बनाई लागू गरेको नियमलाई जनाउँछ ।

(घ) **"समिति"** भन्नाले यस विधान अन्तर्गत गठित उपभोक्ता समितिलाई जनाउँछ ।

(ङ) **"उपभोक्ता समितिका सदस्य"** भन्नाले उपभोक्ता समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष र उपभोक्ता समितिका अन्य सदस्यलाई जनाउँछ ।

(च) **"उपभोक्ता समितिका पदाधिकारी"** भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सह—सचिव र कोषाध्यक्षलाई मात्र जनाउँछ ।

(छ) **"अध्यक्ष"** भन्नाले यस विधान बमोजिम निर्वाचित अध्यक्षलाई जनाउँछ ।

(ज) **"उपसमिति"** भन्नाले यस विधान अनुसारको उपभोक्ता समिति अन्तर्गत गठित उपसमितिलाई जनाउँछ ।

(झ) **"सहयोगी संस्था"** भन्नाले यस उपभोक्ता समितिलाई सामाजिक परिचालन र प्राविधिक कार्यमा सहयोग गर्ने गैह्र सरकारी संस्थालाई जनाउँछ ।

(ञ) **"दातृसंस्था"** भन्नाले यस संस्थालाई आर्थिक सहयोग गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संस्थाहरुलाई जनाउँछ ।

(ट) **"उपभोक्ता"** भन्नाले यस विधान अनुसार गठित समितिको योजनाबाट प्राप्त सेवा सुविधा उपभोग गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ठ) **"क्षेत्र"** भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिले उपलब्ध गराउने सेवा सुविधा वा निर्माण गरिने स्थलले ढाक्ने भौगोलिक कार्यक्षेत्र सम्झनु पर्दछ । यस अन्तर्गत नगरपालिकाको ............ वडाका ....... .......... .... .... ....... गाउँहरु पर्दछन् । पाइप प्रणालीद्वारा खानेपानी सुविधा उपलव्ध गराउन ....... ....... जिल्ला, ............ पालिका., वडा नं. ............ मा रहेको/रहेका ........... .......... ............. ................ नामका मूल/श्रोतहरु यस समितिको क्षेत्रभित्र पर्दछन् ।

(ड) **"योजना"** भन्नाले यस विधान बमोजिम समितिले सञ्चालन गर्ने कार्यक्रमलाई जनाउंछ ।

(ढ) **"सेवाशुल्क"** भन्नाले यस विधान अनुसार गठित समितिले सञ्चालन गरेको योजनाबाट सेवा उपभोग गरेवापत लाग्ने मासिक/वार्षिक रुपमा उठाउने गरी तोकिएको रकम (नगदी वा जिन्सी वा अन्य) लाई जनाउँछ ।

(ण) **"कार्यविधि"** भन्नाले रेसुङ्गा नगरपालिकाको जलश्रोत उपयोग कार्यविधि, २०७६ लाई

जनाउनेछ ।

३. **चिन्ह र छापः** समितिको औपचारिक प्रयोगको निमित्त निम्नानुसारको चिन्ह र छाप हुनेछ ।

(क) चिन्हको विवरण ............................................

(ख) छापको विवरण ............................................

४. **कार्यालयः** समितिको कार्यालय ............................... मा राखिनेछ ।

## परिच्छेद २

## उद्देश्य

५. **उपभोक्ता समितिको उद्देश्यः** यसको मुख्य उद्देश्यहरु प्रचलित कानूनको परिधिभित्र रही कार्य सञ्चालन गर्ने गरी निम्नानुसार हुनेछ ।

(क) आफ्नो क्षेत्रमा सञ्चालन हुन लागेको खानेपानी तथा सरसफाई योजनाका उपभोक्ताहरुलाई संगठित गर्ने ।

(ख) आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई परेको खाँचो पुरा गर्न क्षेत्रको आवश्यकता छनौट गरी कार्यान्वयन गर्ने ।

(ग) आफ्नो क्षेत्रमा सञ्चालन हुने सबै विकास निर्माणका कामका लागि योजनाका सबै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

(घ) आफ्नो क्षेत्र कार्यान्वयन पुरा भएका योजनाको समय समयमा गरिने मर्मत, सम्भार, रेखदेख तथा फाइदावा बेफाइदाको ब्यवस्था न्यायोचित गरिकाले गर्ने ।

(ङ) आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजना छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि चाहिने पूँजी, श्रम र साधनको यवस्था गर्ने । यी श्रोतको परिचालनको व्यवस्था समेत गर्ने ।

(च) समितिको कार्यक्रम र नीति यस विधानको अधिनमा रही समितिले तोके अनुसार हुनेछ ।

(छ) आफ्नो क्षेत्रभित्र खानेपानी तथा स्वच्छता र सरसफाईको गतिविधि प्रभावकारी रुपमा अघि बढाउने र रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७६ र जलश्रोत उपयोग कार्यविधि, २०७६ अनुसारका निर्धारित कार्यहरु गर्ने ।

## परिच्छेद ३

## उपभोक्ता समिति

६. **उपभोक्ता समितिको गठनः** उपभोक्ता समितिको गठन देहाय बमोजिमको प्रकृयावाट हुनेछः

(क) उपभोक्ता समितिका लागि सदस्यहरुको निर्वाचन समावेसी सिद्धान्तलाई आत्मसात गरि कम्तिमा ३३ प्रतिशत महिला सहित उपभोक्ताहरुको भेलाबाट गरिनेछ । यस्तो आम भेला आयोजना गर्दा कम्तिमा १५ दिन अगाडी सवै उपभोक्ताहरुलाई जानकारी गराइनेछ । भेलाको स्थान र समय सवै उपभोक्ताहरुलाई पायक पर्ने किसिमले निर्धारण गरिनेछ ।

(ख) उपभोक्ता समिति गठन गर्दा योजना क्षेत्रका सवै भागवाट समान प्रतिनिधित्व हुने किसिमले गरिनेछ ।

(ग) उपभोक्ता समिति गठन गर्न आयोजित आमभेलामा योजनावाट लाभान्वित हुने घरवाट कम्तिमा ७५ प्रतिशत घरको प्रतिनिधित्व अनिवार्य गरिएको छ ।

(घ) उपभोक्ता समितिमा बढिमा कम्तिमा ३ महिला सहित ९ सदस्य समितिका लागि आम उपभोक्ताबाट निर्वाचित हुनेछन् ।

(ङ) उपभोक्ताहरु ३०० जनासम्म भएमा २ जना र ३ सयदेखि बढि भएमा ४ जना, कम्तिमा पचास प्रतिशत महिला प्रतिनिधित्व हुने गरि नगर कार्यपालिकाबाट सिफारिश भएका ब्यक्ति उपभोक्ता समितिमा सदस्य हुनेछन् ।

(ङ) उपभोक्ता संस्थाको कार्यालय रहने वडाका वडा अध्यक्ष वा वडा समतिबाट सिफारिश भएका १ जना उपभोक्ता समितिमा सदस्य हुनेछन् ।

(च) उपदफा ७.३ देखि ७.६ सम्मका उपभोक्ता समितिका सदस्य मण्डलको बहुमतबाट कम्तिमा २ महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिब, सहसचिब र कोषाध्यक्ष निर्वाचित हुनेछन् ।

(छ) उपभोक्ता संस्थाको संस्थापक समितिमा समावेशी सिद्धान्तको आधारमा कम्तिमा ३५ प्रतिशत महिला समिति गठन भएको समितिले दर्ता प्रक्रिया सम्पन्न गर्नेछ । संस्था दर्ता भएको ६ महिनाभित्र प्रथम साधारण सभा गरि नयाँ कार्यसमितिको निर्वाचन गर्नुपर्नेछ ।

७. **उपभोक्ता समितिको बैठकः**

(क) उपभोक्ता समितिले तोकेको स्थान, मिति र समयमा उपभोक्ता समितिको बैठक कम्तिमा २ महिनामा १ पटक र आवश्यकता अनुसार जुनकुनै बेला बस्नेछ ।

(ख) उपभोक्ता समितिको बैठक हुनु कम्तिमा ५ दिनअघि सदस्यहरुलाई बैठक हुने मिति, स्थान, समय र प्रस्तावहरु लिखित/मौखिक रुपमा जानकारी दिइनेछ ।

(ग) उपभोक्ता समितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत कायम गरिएको छ । गणपुरक संख्या नपुगेको अवस्थामाक्भतत दोश्रो पटक जम्मा सदस्य संख्याको ४० प्रतिशतलाई गणपुरक संख्या मानिनेछ । तेश्रो पटकमा ३० प्रतिशत पदाधिकारी तथा सदस्य उपस्थित भएमा गणपुरक संख्या मानिनेछ ।

**८. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ।

(क) सम्बन्धित जलश्रोतको मुहान दर्ता, वितरण ब्यवस्थापन तथा नियमित कार्य सञ्चालन गर्ने ।

(ख) रेसुङ्गा नगरपालिकाको जलश्रोत ऐन, २०७६ तथा जलश्रोत उपयोग कार्यविधि, २०७६ अनुसार जलउपभोक्ता संस्थाले गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने ।

(ग) उपभोक्ता समितिको नियमित कार्ययोजना तथा आवश्यक नियमावली जारी गरि जलश्रोत ब्यवस्थापन तथा वितरणलाई ब्यवस्थित गर्ने ।

(घ) जल उपभोक्ता संस्थाको ब्यवस्थित सञ्चालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने ।

(ङ) समितिको दैनिक हिसाव प्रचलित लेखा प्रणालीमा राख्न लगाई बार्षिक लेखा परिक्षण तथा प्रगति प्रतिवेदन तयार गरि साधारण सभा समक्ष पेश गर्ने ।

(च) वार्षिक साधारण सभा तथा अधिवेशन मिति तोक्ने, निर्वाचन समितिको चयन उपभोक्ता समितिमा चयन नहुने सदस्य वा विज्ञ अनुभविहरु मध्येबाट चयन गर्ने ।

(छ) साधारण सभा तथा नगरपालिकाले तोकेको अन्य आवश्यक कार्य गर्ने ।

# परिच्छेद ४

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**९. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) समितिले सुम्पेको सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

(ख) समितिको बैठकको अध्यक्षता गर्नुका साथै मत बराबर भएको अवस्थामा मात्र निर्णायक मत दिने, सबै सदस्यहरुले बैठकमा सक्रियतापूर्वक भाग लिएको तथा उनीहरुको जिम्मेवारी वहन गरेको कुरा सुनिश्चित गर्ने,

(ग) समितिलाई सक्रिय नेतृत्व प्रदान गरी समितिको उद्देश्य पुरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन श्रोत जुटाउन सघाउने,

(घ) समितिको दैनिक कार्य सञ्चालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने,

(ङ) समितिको बैठक आवश्यकता अनुसार बोलाउने,

(च) बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने,

(छ) समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने,

(ज) सरकारी र गैह्र सरकारी निकायसँग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने,

(झ) उपभोक्ताहरुको योजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने,

(ञ) योजनाको चल अचल सम्पत्ति हेरविचार गर्ने गराउने,

(ट) आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने ।

**१०. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने,

(ख) समितिको विधान, नियमावली र कार्य पद्धतिमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने,

(ग) समितिले तोकेको अन्य काम गर्ने ।

**११. सचिवको काम, कर्तव्य र अधिकारः**

(क) समितिको कार्यक्रम र काम कार्यवाहीलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने,

(ख) समिति र समितिको बैठकको लागि आवश्यक तयारी व्यवस्था मिलाउने,

(ग) समिति र समितिको निर्णय बैठक कापीमा लेख्ने,

(घ) प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने,

(ङ) योजनाको कार्यान्वयन सम्बन्धमा राख्नुपर्ने सबै श्रेस्ताहरु राख्ने र सोको जानकारी बैठकमा पेश गर्ने,

(च) आफ्नो क्षेत्रका उपभोक्ताको योजना सम्बन्धी सहभागिता जुटाउने,

(छ) समितिले तोकेको अन्य काम गर्ने ।

**१२. सहसचिबको काम, कर्तब्य र अधिकार**

(क) सचिबको अनुपस्थितिमा सचिबको कार्यभार सम्हाल्ने,

(ख) समितिको विधान र कार्य पद्धतिमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने,

(ग) समितिले तोकेको अन्य काम गर्ने ।

**१३. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) समितिको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) आम्दानी, खर्च र बजेट समितिमा पेश गरी पारित गराउने,

(ग) समितिले असुल गर्नुपर्ने शुल्कहरु असुल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसाब मिलाउने,

(घ) लेखा परीक्षण गराउने,

(ङ) योजनाका लागि पाइने श्रम, सीप, पूँजी र साधनहरु प्राप्त भएको श्रम, सीप, पूँजी र सामाग्री जस्तैः उपभोक्ताहरु, दातृसंस्था आदिको श्रेस्ता ठिक ठिक तरिकाले राख्ने,

(च) प्राप्त भएको श्रम, सीप, पूँजी र सामाग्री कुन कामका लागि प्रयोग भयो र कति बाँकी छ भन्ने हिसाब राख्ने,

(छ) योजनालाई प्राप्त श्रम, सीप, पूँजी र सामाग्रीको जिम्मा लिने र यसको प्रयोगको उपभोक्ता समितिबाट फरफारक लिने,

(ज) आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने,

(झ) समितिले तोकेको अन्य काम गर्ने ।

**१४. सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(क) योजना कार्यान्वयन स्थितिको निरिक्षण गर्ने,

(ख) योजनाको कार्यान्वयन र सुचारु रुपले सञ्चालन गर्न चाहिने श्रम, सीप, पूँजी र सामाग्रीको मात्रा निधो गर्ने,

(ग) आवश्यकता अनुसार र आफ्नो उपक्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने,

(घ) योजनाको स्थिति आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने,

(ङ) समितिले तोकेको अन्य काम गर्ने ।

## परिच्छेद ५

### आर्थिक व्यवस्था

**१५. आर्थिक श्रोतः**

(क) विभिन्न सम्झौता अन्तर्गत दातृ संस्थाहरुबाट प्राप्त हुने रकम र अनुदान,

(ख) उपभोक्ताहरुबाट योजनाको सेवा सुविधा उपभोग गरेवापत प्राप्त रकम, सेवा शुल्क र अनुदान,

(ग) सरकारी, गैह्र सरकारी संस्था एवं स्थानीय दातृसंस्थाबाट प्राप्त हुने अनुदान सहयोग र भौतिक साधन,

(घ) जनसहभागिताबाट प्राप्त हुने श्रम, पूँजी र सामाग्रीहरु

(ङ) अन्य श्रोतवाट प्राप्त हुने उपहार एवं सहयोगहरु ।

**१६. चल अचल सम्पत्ति व्यवस्थाः**

समिति अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसले प्रचलित कानूनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेच बिखन गर्न सक्नेछ । तथ बेचबिखन गर्दा नगरपालिकाबाट अनिवार्य स्वीकृति लिनुपर्नेछ । यदि यस उपभोक्ता समितिले सञ्चालन गरिरहेको जलश्रोत नगरपालिका स्वयंले सञ्चालन गर्ने गरि नगर कार्यपालिकाबाट निर्णय भएमा समिति अन्तर्गतका सम्पूर्ण चल, अचल सम्पत्ति नगरपालिका मातहत स्वतः जानेछ ।

**१७. कोष व्यवस्थाः**

(क) समितिको आफ्नै छुट्टै कोष हुनेछ । समितिको सम्पूर्ण खर्च यसै कोषबाट गरिनेछ ।

(ख) बैङ्क खाता सञ्चालन अध्यक्ष, कोषाध्यक्ष र सचिवको नामबाट संचालन गरि कोषाध्यक्षको अनिवार्य अन्य कुनै एक गरि २ जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) समितिले निर्धारण गरेको कार्यनीति अनुसार कोषाध्यक्षको रेखदेख र सुपरिवेक्षणमा कोषको उपयोग गरिने छ ।

(घ) समय समयमा समितिले कोषको उचित उपयोग भए नभएको जाँच गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

(ङ) कोष परिचालन, लेखा प्रणाली, लेखा परीक्षण र कोष सम्बन्धी अन्य प्रक्रियाहरु यस विधान एवं समितिबाट निर्धारित नियम र प्रचलित कानून अनुसार हुनेछ ।

**१८. श्रम, सीप, पूंजी र सामाग्री व्यवस्थापन प्रक्रियाः** उपभोक्ता समितिले गर्ने कामका लागि चाहिने श्रम, सीप, पूँजी र सामाग्री उपभोक्ताहरु र दातृ संस्था वा निकायबाट व्यवस्था गरिने छ । योजनाका लागि चाहिने श्रम गाउँ घरकै उपभोक्ताहरुलाई काम गराई व्यवस्था गरिने छ । उपभोक्ताहरुबाट व्यवस्था हुन नसक्ने श्रम, सीप, पूँजी र सामाग्री मात्र दातृसंस्था वा निकायबाट व्यवस्था गरिने छ ।

**१९. योजना कार्यान्वयनका लागि चाहिने श्रम, सीप, पूंजी र सामाग्री व्यवस्थापनः** योजना कार्यान्वयनका लागि चाहिने श्रम, सीप, सामाग्री र पूँजी चाहिलने मात्रा र उपभोक्ताहरुको संख्या हेरी गरिने छ । यो व्यवस्था गर्दा योजनाबाट पाइने सेवा उपभोक्ताहरुले उपयोग गर्ने मात्रालाई पनि ख्याल गरिने छ ।

**२०. योजना मर्मत संभारका लागि चाहिने श्रम, सीप, पूँजि र सामाग्री व्यवस्थापनः** योजना मर्मत

संभारका लागि चाहिने सबै श्रम, सीप, पूँजी र सामाग्री उपभोक्ताबाट उठाइने छ वा सेवा शुल्क उठाई एउटा कोष खडा गरिनेछ । सहभागिता वा सेवा शुल्क कति गर्ने भन्ने निर्णय उपभोक्ता समिति वा समितिको निर्णयले पारित गरे बमोजिम हुनेछ । श्रम, सीप, पूँजि र सामाग्री व्यवस्थापन सम्बन्धी श्रेस्ता राखिनेछ । जनश्रम गर्न नसक्ने उपभोक्ताहरुबाट श्रम बराबरको सेवा नगदमा उठाइने छ ।

**२१. लेखा परीक्षण सम्बन्धी व्यवस्थाः**

(क) योजनाको काम सम्पन्न हुनासाथ उपभोक्ताहरुको आम भेलावाट योजनाको सामाजिक लेखा परीक्षण गराइनेछ ।

(ख) उपभोक्ताहरुको आम भेलाले नियुक्ति गरेको लेखा परिक्षकबाट योजना फरफारक भएको आर्थिक वर्षको अन्तमा लेखा परीक्षण गराइनेछ ।

(ग) आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन वार्षिक आमभेला र सम्बन्धित निकाय समक्ष पेश गरिने छ ।

## परिच्छेद ६

## विविध

**२२. विधान संशोधनः** विधान संशोधन गर्न आवश्यक भएमा सो कुरा उपभोक्ता भेलामा पेश गरी सो भेलाको उपस्थितिहरुको दुई तिहाई बहुमतले पारित गरि नगरपालिकाबाट स्वीकृति लिई संशोधित विधान लागू गरिने छ । यस्तो भेलाको उपस्थिति उपभोक्ता घरधुरीको कम्तिमा ७५ प्रतिशत अनिवार्य हुनुपर्नेछ ।

**२३. उम्मेदवारको अयोग्यताः** देहायको कुनै व्यक्ति उपभोक्ता समितिको सदस्यको लागि निर्वाचित वा मनोनित हुन वा सो पदमा वाहाल रहन सक्ने छैन ।

(क) २१ वर्ष उमेर नपुगेको ।

(ख) मगज बिग्रेको भनी स्वीकृत चिकित्सकले निस्सा गरी दिएको ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको ।

(घ) समितिको हित विपरित काम कारवाही गरेको प्रमाणित भएको ।

२४. **अविश्वासको प्रस्तावः** समितिको कुनै सदस्य उपर समितिमा अविश्वासको प्रस्ताव पेश गर्न सकिने छ । यस्तो परिस्थितिमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतद्धारा त्यस्तो प्रस्ताव पारित गरेमा निजको सदस्यता समाप्त हुनेछ ।

२५ **नियमहरु बनाउनेः** समितिको विधानमा उल्लेखित उद्देश्य प्राप्ति गर्न समितिले नियमहरुको कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२७. **समितिको प्रगति प्रतिवेदन तथा अन्यः** समितिको प्रगति प्रतिवेदनहरु नगरपालिकामा बार्षिक रुपमा वा नगरपालिकाले माग गरेका बेला जुनकुनै समयमा पेश गरिनेछ ।

२८. **समितिको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरुः**

(क) समितिको सिफारिशमा नगरपालिका वा दातृसंस्था समेत समाजका विशिष्ट व्यक्तित्व भएको सल्लाहकार समिति गठन गर्न सकिने छ ।

(ख) सल्लाहकार समितिले समितिलाई विकास कार्य सञ्चालन र नीति निर्धारण गर्ने कुरामा सल्लाह दिने छ ।

(ग) समितिको उद्देश्यमा थपघट गर्नु परेमा समितिका सदस्यको निर्णयबाट पारित प्रस्ताव अनुसार नगरपालिकाबाट स्वीकृति लिई कार्यान्वयनमा ल्याइने छ ।

(घ) नियमावलीमा उल्लेखित कुरा बाझेमा बदर हुनेः यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

२९. **दण्ड र जरिवाना सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समिति र समितिका सदस्यहरुमा अनुशासन कायम गर्न तल लेखिए अनुसार दण्ड सजाय गरिने व्यवस्था गरिएको छ ।

(क) उपभोक्ता समिति वा समितिको बैठकमा विना जानकारी वा उचित कारण विना अनुपस्थित उपभोक्ताहरुलाई समितिले जरिवाना गर्न सक्नेछ । यदि यस्तो गल्ति पटक पटक दोहर्‍याएमा निजलाई दण्ड सजाय समेत गर्न सक्नेछ । जरिवाना के कस्तो गर्ने भन्ने निर्णय समितिले पारित गरे बमोजिम हुनेछ ।

(ख) उपभोक्ताहरुले उपभोक्ता समितिको बैठकले निधो गरे अनुसारको जनसहभागिता नजुटाएमा पनि दण्ड जरिवाना गर्न सक्नेछ । पटक पटक सहभागिता नजुटाएमा बढी जरिवाना गर्न सक्नेछ । यस्तो जरिवाना समितिले पारित गरे बमोजिम हुनेछ ।

(ग) यदि योजनामा कसैले हानी नोक्सानी गरेमा समितिको बैठकबाट नोक्सान गरे बराबर वा बैठकको निधो अनुसार क्षतिपूर्ति भराईने छ ।

(२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि दण्ड र सजाय सम्बन्धी अन्य व्यवस्था रेसुङ्गा नगरपालिकाको जलस्रोत ऐन, २०७९ को दफा २६ बमोजिम हुनेछ।

**३०. खर्च फरफारक गर्नेः** योजनाको निर्माण कार्य सम्पत्र भएपछि योजनासँग सम्बन्धित सबै आम्दानी खर्चहरु फरफारक गर्नु पर्नेछ ।

**३१. वार्षिक साधारण सभा :** उपभोक्ता समितिले वार्षिक साधारण सभा गरि आगामी वर्षको लक्ष्य र यस वर्षको प्रगति सहित आर्थिक तथा प्राविधिक प्रतिवेदन पारित गराउने छ । प्रत्येक वर्ष समितिको आर्थिक, प्रशासनिक, लेखा परीक्षण प्रतिवेदन र कार्य निति सहितको वार्षिक प्रगति र लक्ष्य राखी वार्षिक साधानरण सभा गरिने छ ।

**३२. उपभोक्ता समिति विघटन :** यस विधान अनुसार गठित जलउपभोक्ता संस्था नगरपालिकाले आफैं योजना सञ्चालन गर्ने गरि स्वामित्व ग्रहण गर्ने निर्णय गरेमा स्वतः विघटन हुनेछ । यसरी बिघटन हँदा समिति अन्तर्गत भएका सम्पूर्ण दायित्व र स्वामित्व निलकण्ठ नगरपालिकाको हुनेछ । उपभोक्ता समितिको कार्यावधि ३ वर्षको हुनेछ । अवधि समाप्त हुनु अगावै साधारण सभा/आमभेला गरी यसै विधानको दफा ७ को उपदफा (५) वमोजिम उपभोक्ता समिति निर्वाचन वा सर्वसहमतिवाट चयन गरिनेछ ।

**३३. सेवा प्रवाह संयन्त्र :** योजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् योजनाको सेवा आरम्भ हुन्छ ।

उपभोक्ता समितिले योजनावाट उपभोक्ताले सेवा प्राप्त गरे वापत पानी महसुल निर्धारण गरी संकलन गर्नेछ । यसरी महसुल निर्धारण गर्दा नगरपालिकाबाट स्वीकृति लिइनेछ ।

**३४. योजनाको सञ्चालन तथा मर्मत सम्भार :** उपभोक्ता समितिले योजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको लागि मर्मत सम्भारका कार्यहरुलाई निरन्तरता दिनेछ ।

**३५. विद्यमान उपभोक्ता समितिका सदस्यले उपभोक्ताको हित विपरीत कार्य गरेमा उपभोक्ता समितिले आवश्यक चेतावनी तथा हित विपरितको कार्यबाट भएको क्षतिपुर्ति गराउन सक्नेछ । निजबाट अक्ष्यम्य कार्य भएमा जुन प्रक्रियाबाट निर्वाचित भएको हो सोहि अनुसार आसन्न साधारण सभाबाट अर्को सदस्य निर्वाचित गर्ने गरि समितिको दुइ तिहाई सदस्यको निर्णयबाट पदमुक्त गर्न सकिनिछ तथा निजलाई सफाईको मौकाबाट बन्चित गरिनेछैन ।**

**३६. योजना निर्माण, सेवा विस्तार, मर्मत सम्भार लगायतका प्रयोजनको लागि उपभोक्ता समितिले विभिन्न सरकारी एवं गैह्र सरकारी निकायसंग सम्झौता गरी सहयोग लिन सक्नेछ ।**

**३७. उपभोक्ता भन्दा बाहिरका व्यक्तिहरु वा समुदायले योजनाबाट पाइने फाइदाहरु लिन चाहेमा सेवा शुल्क वा अन्य शर्तहरु कायम गरी त्यस्ता इच्छुक व्यक्ति वा समुदायलाई उपभोक्ता समितिको निर्णयानुसार सेवा फाइदा उपभोग गर्न दिन सक्नेछ ।**

**३८. नगरस्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिका प्रतिनिधिलाई उपभोक्ता समितिमा वा समितिको वैठकमा पर्यवेक्षकको रुपमा सहभागी गराइनेछ ।**

**.....................................जल उपभोक्ता संस्था रेसुङ्गा नगरपालिका वडा नं. .....................**

**...................को उपभोक्ता समितिको (तदर्थ समितिको) विवरण यस प्रकार रहेको छ ।**

| क्र.स. | नाम | ठेगाना | पेशा | पद | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | | | | अध्यक्ष | |
| २. | | | | उपाध्यक्ष | |
| ३. | | | | सचिव | |
| ४. | | | | सह-सचिव | |
| ५. | | | | कोपाध्यक्ष | |
| ६. | | | | सदस्य | |
| ७. | | | | सदस्य | |

.............................
अध्यक्ष

............................. खानेपानी उपभोक्ता समिति

**आज्ञाले**
**हरिप्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**